## नेपाल सरकार
## वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम ५४ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीमा रहेका देहायका अनुसूचीहरुमा देहाय बमोजिम हेरफेर गरेको छ ।

१. अनुसूचि-१ को प्रकरण (ऊ) को खण्ड २. को उपखण्ड (क) को सट्टा देहायको उपखण्ड (क) राखिएको छ:-

"(क) १ मेगावाट देखि ५० मेगावाट क्षमता सम्मको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने ।"

२. अनुसूचि-२ को प्रकरण (ऊ) को खण्ड २ को सट्टा देहायको खण्ड २. राखिएको छ:-

"२ ५० मेगावाट भन्दा बढी क्षमताको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने ।"

आज्ञाले,
उमेशप्रसाद मैनाली
नेपाल सरकारको सचिव

## नेपाल सरकार
## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

नगर विकास ऐन, २०४५ को दफा १२ को उपदफा १२.१ २ बमोजिम दाङ्ग जिल्लाको घोराही नगरपालिका वडा नं. ५ स्थित अम्बापुर क्षेत्रमा रहेको तपसीलका विभिन्न कित्ता जग्गाहरूलाई एकीकरण गरी सो जग्गामा नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बिक्री गरी असुल गर्ने तथा बाँकी विकसित घडेरीहरू साविकका जग्गाधनी वा मोही-हरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी "अम्बापुर जग्गा एकीकरण (लायण्ड पुलिङ्ग) कार्यक्रम" सञ्चालन गर्न योजना नेपाल


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।